लुम्बिनी प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

# शिक्षा तथा सामाजिक विकास निर्देशनालय

राप्ती उपत्यका (देउखुरी), नेपाल

पत्र सं.:- २०८२/०८३

च.नं.:-

(प्रथम पटक सूचना प्रकाशित मिति : २०८२।०८।१६)

**श्री लुम्बिनी प्रदेशभित्र विज्ञान विषय अध्यापन हुने गरेका सामुदायिक क्याम्पसहरु सबै,**

**श्री लुम्बिनी प्रदेशभित्र विज्ञान विषय अध्यापन हुने गरेका आङ्गिक क्याम्पसहरु सबै ।**

**विषय : विज्ञान विषयमा उच्च शिक्षा अध्ययनरत छात्राहरुका लागि छात्रवृत्ति सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा यस निर्देशनालयको आ. व. २०८२।०८३ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार लुम्बिनी प्रदेश भित्र सञ्चालित सामुदायिक क्याम्पस तथा विश्वविद्यालयका आङ्गिक क्याम्पसहरुमा स्नातक तथा स्नातकोत्तर तहमा अध्ययनरत छात्राहरुका लागि छात्रवृत्ति उपलब्ध गराउने कार्यक्रम रहेकोले सम्वन्धित क्याम्पसहरुले सार्वजनिक सूचना प्रवाह गरी विद्यार्थीहरुबाट यो सूचना जारी भएको मितिले ३० दिन भित्र निवेदन संकलन गरी प्राप्त निवेदन र देहायका कागजात रुजु एवं प्रमाणित गरी एकमुष्ट विवरण निवेदन दिने समयावधि समाप्त भएको मितिले ७ दिनभित्र सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालयमा आइपुग्ने गरी पेस गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**पेश गर्नुपर्ने कागजातहरु**

१. विद्यार्थीको निवेदन

२.अन्य कुनै क्षेत्रवाट छात्रवृत्ति नपाएको बेहोराको क्याम्पसको पत्र

३.स्नातक तथा स्नातकोत्तर तहमा विज्ञान विषयमा कम्तिमा ७० प्रतिशत हाजिरी भई नियमितरुपमा अध्ययनरत रहेको बेहोराको क्याम्पसको सिफारिस

४. उमेरको हद ३० वर्ष ननाघेको हुनुपर्ने (नागरिकताको प्रमाणपत्रको प्रतिलिपी पेस गर्नुपर्ने)

५. विद्यार्थीको खाता रहेको बैंकको नाम , ठेगाना र खाता नम्वर (बैंकको चेकको फोटोकपी)

.........................

(नारायण प्रसाद पोख्रेल)

नि .महानिर्देशक

नि. महानिर्देशक

**बोधार्थ:**

**श्री सामाजिक विकास डिभिजन कार्यालयहरु सबै:** सम्बन्धित जिल्ला भित्रका क्याम्पसहरुलाई सूचना प्रवाह गरी माथि उल्लेखित सम्पूर्ण कागजातहरु **सावधानी पूर्वक रुजु गरी** एकमुष्ट विवरण तयार गरेर, प्रमाणित गरी प्रमाणित कपी तथा विद्युतीय (Excel) प्रति समेत यस निर्देशनालयमा पठाइदिनुहुन ।

**सम्पर्क:**

१. बाँके र बर्दिया जिल्लाको लागि सामाजिक विकास डिभिजन कार्यालय, नेपालगञ्ज, बाँके -सम्पर्क नं. ९८५८०८०२८१

२. दाङ र रुकुमपूर्व जिल्लाको लागि सामाजिक विकास डिभिजन कार्यालय,तुल्सीपुर, दाङ- सम्पर्क नं. ९८५७८२५२४६

३. प्यूठान र रोल्पा जिल्लाको लागि सामाजिक विकास डिभिजन कार्यालय, विजुवार, प्यूठान -सम्पर्क नं. ९८५७८६०१४३

४. पाल्पा र गुल्मी जिल्लाको लागि सामाजिक विकास डिभिजन कार्यालय, तानसेन, पाल्पा -सम्पर्क नं. ९८५७०६४०७०

५. कपिलवस्तु र अर्घाखाँची जिल्लाको लागि सामाजिक विकास डिभिजन कार्यालय, तौलिहवा, कपिलवस्तु -सम्पर्क नं. ९८५७०५००१३

६. रुपन्देही र नवलपरासी (ब.सु.प.) जिल्लाको लागि सामाजिक विकास डिभिजन कार्यालय, रुपन्देही, भैरहवा -सम्पर्क नं. ९८५७०७७६२०